बैठक संख्या:

आज मिति २०८२ वैशाख १[illegible] गतेका दिन यस आदर्श गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गणेश बहादुर खडकाज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमका पदाधिकारीहरुका उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरि निम्नलिखित निर्णय पारित गरियो।

## उपस्थिति

१) अध्यक्ष श्री गणेश बहादुर खडका

२) उपाध्यक्ष श्री लक्ष्मी धामी (रोकाया)

३) सदस्य श्री भरत बहादुर खडका

४) सदस्य श्री रमेश बहादुर साउँद

५) सदस्य श्री दिपेन्द्र प्रसाद पाठक

६) सदस्य श्री खगेन्द्र राज ओझा

७) सदस्य श्री उत्तम बहादुर सिंह

८) सदस्य श्री लाल ब खडायत

९) सदस्य श्री लाल ब विष्ट

१०) सदस्य श्री कमला खडका

११) सदस्य श्री नन्दा बलायर (रोकाया)

१२) सदस्य श्री निर्मला देवी रोकाया

१३) सदस्य श्री ललिता वि.क.

१४) सदस्य श्री माने दमाई

१५) सदस्य श्री बहादुरे ढोली

१६ सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

## अन्य उपस्थिति

१) प्रशासकीय अधिकृत श्री षडानन्द ओझा

२) डबल बहादुर भाट (सहायक)

३) बिजय राज जोशी (लेखापाल)

४ तेज बहादुर साउँद (का.स.)

प्रस्तावहरु

१) घ वर्गको इजाजत पत्र प्रदान सम्बन्धमा ।

२) छात्रवृती रकम सम्बन्धमा ।

३) प्रदेश समपुरक तथा विशेष अनुदान माग सम्बन्धमा ।

४ एम्बुलेन्स चालकको तलब सम्बन्धमा ।

५) आर्थिक सहायता सम्बन्धमा ।

६) बाफ्ककानी स्वास्थ्य चौकीमा अ.न.मि.कामकाज सम्बन्धमा ।

निर्णय नं.१ यस आदर्श गाउँपालिकामा स्थायी ठेगाना भएका तपसिल बमोजिमका निर्माण व्यवसायिहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ बुदा नं.(६) को १० अनुसार साथै निर्माण व्यवसाय ऐन, २०५५ को दफा ४ को उपदफा ३ र निर्माण व्यवसायी नियमावली २०५६ को नियम,६ को उपनियम (१) बमोजिम घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | निर्माण व्यवसायीको नाम | ठेगाना | प्रोपाइटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | अहान कन्स्ट्रक्सन प्रा.लि. | आदर्श गा.पा.१ डोटी | अम्मर खड्का | |

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस आदर्श गाउँपालिकाको आ.व.२०७९/०८० को १२ औं गाउँसभाले गाउँपालिका अन्तर्गत रहेका विपन्न वर्गका विभिन्न विधामा अध्यनरत विद्यार्थीहरुलाई छात्रवृती दिने भन्ने निर्णय गरे मुताविक तपसिल बमोजिमका विपन्न विद्यार्थीहरुलाई यस आ.व.२०८१।०८२ को छात्रवृती तर्फको शिर्षकबाट देहाय बमोजिमको रकम छात्रवृती स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | नामथर | ठेगाना | अध्यनरत संस्था | अध्यनरत विषय | छात्रवृती रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चन्द्रिका ओझा | आदर्श २ | डोटी बहुमुखी क्याम्पस | मानविकी सकाय बि.सि.ए. | ४१,५५० | |

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा आदर्श गाउपालिका अन्तरगत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन हुने गरी देहाय बमोजिमका समपुरक तथा विशेष आयोजना/कार्यक्रम मागका लागि सुदूर पश्चिम प्रदेश सरकार समक्ष पेश गर्ने निर्णय गरियो ।

**समपुरक योजनाहरु:**

१) गाउँपालिकास्तरिय खेल मैदान निर्माण योजना आदर्श,डोटी ।

२) वडा नं.७ को वडा कार्यालय भवन निर्माण योजना ।

३) मौवा भामिखाल तवारा सडक निर्माण योजना आदर्श,डोटी ।

४) महादेव मन्दिर निर्माण योजना आदर्श,डोटी ।

४) वडा नं २ को वडा कार्यालय भवन निर्माण योजना आदर्श २ डोटी ।

५) सुगा इजर डमरीगाउं हुदै विरलकांडा सडक निर्माण योजना ।

६) पन्तोला चांसी हुदै बाभ्कककानी जोडने सडक निर्माण योजना ।

७) सुवाखान बाहुनकांडा कोटान्जर सडक निर्माण योजना आदर्श २ डोटी ।

८) बगट सिंचाइ योजना आदर्श २ डोटी ।

९) हरतोला सिंचाइ योजना आदर्श ३ डोटी

**विशेष योजनाहरु:**

१) गिरिचौका स्वास्थ्य चौकी भवन निर्माण योजना आदर्श ६ डोटी ।

२) कांडी स्याउले बर्थिङ्ग सेन्टर निर्माण आदर्श ३ डोटी ।

३) कोपा सिंचाइ निर्माण योजना आदर्श १ डोटी ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा आदर्श गाउँपालिका अन्तरगत सेवा करारमा कार्यरत एम्बुलेन्स चालक मिन बहादुर रोकायाको २०८२ साल बैशाख देखि लागु हुने गरी खाईपाई आएको मासिक पारिश्रमिकमा रु.२,५००। (दुई पाँचसय) थप गर्ने निर्णय गरियो ।

निर्णय नं.५- प्रस्ताव नं.५ माथि छलफल गर्दा आदर्श गाउँपालिका अन्तरगत स्थायी ठेगाना भएका तपसिलका बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नामथर | ठेगाना | आर्थिक सहयोग रकम रु | विस्तृत विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्ण बहादुर नेगी | शिखर न.पा. १ डोटी | ३०,०००। | मुटु र मृगौला अप्रेसन गर्नु पर्ने | |
| २ | धन बहादुर खड्का | आदर्श १ डोटी | २०,०००। | २०० वटा कुखुरा जंगली जनावरले मारेको | |
| ३ | जना धामी | आदर्श ५ डोटी | ३०,०००। | क्यान्सर पिडित | |

निर्णय नं.६- प्रस्ताव नं.६ माथि छलफल गर्दा आदर्श गाउँपालिका अन्तरगत बाभ्कककानी स्वास्थ्य चौकीको रिक्त रहेको सहायक चौथो तह अ.न.मि. पदमा कार्यरत अन्जु खड्काले २०८२ बैशाख २ गते राजिनामा दिनु भएको हुँदा उक्त दरबन्दीमा शसर्त अनुदानवाट तलब खाने गरी अ.न.मि.बिस्ना बमलाई कामकाजमा लगाउने निर्णय गरीयो ।